# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An undertaking of Govt. of Nepal)

**पत्र संख्या :**
चलानी नं. :

## प्रेस विज्ञप्ति

नेपाल स्टक एक्सचेन्ज लिमिटेडले सञ्चालनमा ल्याएको नेप्से अनलाइन ट्रेडिङ सिस्टम (नट्स)/ टिएमएसको माध्यमबाट कारोबार गर्दा लगानीकर्ताले आज मिति २०७६/०२/१२ देखि नेपाल क्लियरिङ हाउस लिमिटेड ( एनसिएचएल ) को प्रणालीमा आवद्ध सबै बैंक तथा वित्तीय संस्थामार्फत अनलाइन रकम भुक्तानी गर्न सक्ने भएका छन् । हाल पहिलो चरणमा एनसिएचएल आवद्ध बैंक तथा वित्तीय संस्थामा खाता भएका लगानीकर्ताले सदस्य दलालको खातामा अनलाइनबाट भुक्तानी गर्न सक्ने छन भने दोस्रो चरणमा सदस्य दलालबाट लगानीकर्ताले भुक्तानी प्राप्त गर्न सक्ने छन् । एनसिएचएलका अनुसार हाल लगानीकर्ताले एक दिनमा एक बैंकबाट अनलाइनमार्फत बढीमा १० लाख रुपैयाँसम्म भुक्तानी गर्न सक्छन् । नेप्से, एनसिएचएल र सदस्य दलालहरुको संयुक्त प्रयासबाट थालिएको यो सुविधामा आवद्ध भई लगानीकर्ताले उच्चतम लाभ प्राप्त गर्न सक्ने अपेक्षा नेप्सेले गरेको छ । यो सुविधा उपयोग सम्बन्धी थप जानकारीका लागि आआफ्नो सेयर दलालसँग सम्पर्क गर्न हुन पनि लगानीकर्ता सबैमा नेप्से आह्वान गर्दछ ।

मिति : २०७६/०२/१२

मुराहरि पराजुली
प्रवक्ता

पो. ब. नं. १५५०, युएनआई शान्ति मार्ग, भद्रकाली काठमाडौं, नेपाल ।
**P. O. Box 1550, UNI Shantimarga, Bhadrakali, Kathmandu, Nepal.**
**Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538**
**email : info@nepalstock.com**